मिति : २०७१/४/०८

विषय : **बार्षिक निरीक्षण तथा अनुगमन प्रतिवेदन पेस गरेको सम्बन्धमा ।**

श्रीमान् जिल्ला शिक्षा अधिकारीज्यू,
जिल्ला शिक्षा कार्यालय
सुर्खेत ।

प्रस्तुत विषयमा जिल्ला शिक्षा कार्यालय सुर्खेतले जिल्लाको शैक्षिक सुधारका लागि विद्यालय अनुगमन कार्यलाई तिव्र बनाउँदै आएको व्यहोरा हार्दिक अनुरोध गर्दछु । जिल्लाका १४ वटा स्रोतकेन्द्रमध्ये जिशिका ले निरीक्षण क्षेत्रका रुपमा जिम्मेवारी सुम्पेका ३ वटा स्रोतकेन्द्र विजौरा, विद्यापुर र पलैंटे अन्तर्गतका १३५ विद्यालयहरु र पछिल्लो पटक जिम्मेवारी प्रदान गरेको हरिहरपुर स्रोतकेन्द्रमा विद्यालय खोल्ने, विद्यार्थी भर्ना गर्ने, नि:शुल्क पाठ्यपुस्तक विद्यालयमा पुर्याई वितरण गर्ने, नियमित तथा गुणस्तरीय पठनपाठन गर्ने, सिकाइ उपलब्धि बृद्धि गर्ने, विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमलाई समयमा नै गुणस्तरीय ढङ्गले सम्पन्न गर्ने र विद्यालयमा आर्थिक पारदर्शिता सुनिश्चित गर्ने आदि विषयलाई प्राथमिकतामा राखी विद्यालय अनुगमनलाई व्यवस्थित र नतिजामुखी बनाउने कार्यको थालनी गरेको व्यहोरा अनुरोध गर्दछु ।

परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने पाँच वटा जिल्लाहरूमध्ये आफ्नै विशिष्ट पहिचान र आर्थिक, भौगोलिक, शैक्षिक र सामाजिक हैसियत बोकेको सुर्खेत जिल्लाको करिब १६ प्रतिशत भाग उपत्यकाभित्र र ८४ प्रतिशत भाग पहाडी क्षेत्रमा पर्दछ । कुल क्षेत्रफल २,४५१ वर्ग किलोमिटरमा ३५०८०४ जनसंख्या रहेको यस जिल्लाको पूर्वमा सल्यान, पश्चिममा डोटी र अछाम, उत्तरमा जाजरकोट र दैलेख र दक्षिणमा बर्दिया र कैलाली जिल्लाहरू पर्दछन् ।

जिल्लामा सञ्चालमा रहेका ८५ सामुदायिक विद्यालयहरुमध्ये कक्षा १–१० संचालित विद्यालय संख्या ४०, कक्षा १–१२ संचालित विद्यालय संख्य ३८, कक्षा ६–१२ संचालित विद्यालय संख्या ६ र ९ देखी १२ सम्म सञ्चालन भएको विद्यालय संख्या १ रहेको छ । यस जिल्लाको कक्षा ८ र एस्.एल्.सी.परीक्षाको नतिजा विश्लेषण गर्दा शैक्षिक उपलब्धि खासै सन्तोषजनक देखिदैन । शैक्षिक सत्र २०६९ मा जिल्लाका सामुदायिक विद्यालयतर्फ खुला विद्यालय र प्राइभेट गरी जम्मा ८२ र संस्थागत विद्यालय तर्फ २७ विद्यालयहरुले प्रवेशिका परीक्षामा परीक्षा दिएका थिए । जसमा सामुदायिक विद्यालयतर्फ १८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका देखिन्छन् भने संस्थागत विद्यालयले अपेक्षाकृत रुपमा सन्तोषजनक उपलब्धि प्राप्त गरेको देखिन्छ । शैक्षिक सत्र २०६८ मा कक्षा ८ को विद्यार्थी उत्तीर्ण प्रतिसत ८२, शैक्षिक सत्र २०६८ मा ७२ प्रतिशत र २०६९ सालमा ७६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ भने एस्.एल्.सी.को उत्तीर्ण प्रतिशत वि.सं. २०६८, २०६९ र २०७० सालमा क्रमश: २१,२८ र ४४ प्रतिशत रहेको छ ।



सुर्खेत जिल्लाको पश्चिम भेगमा पर्ने पलैटे विद्यापुर बिजौरा र हरीहरपुर स्रोतकेन्द्र जिल्लाकै विकट तथा भित्री मधेशभित्र पर्ने क्षेत्र हो । पश्चिममा कैलाली र अछाम पूर्वमा विनपा दक्षिणमा बर्दिया र उत्तरमा अछाम र दैलेखसंग सिमाना जोडिएका यीनि स्रोतेकन्द्र अन्तरगतका विद्यालयहरुको पृष्टभूमि पनि फरक फरक खालको छ । एकातिर कर्णाली र अर्कोतिर भेरी नदीले घेरेका यस क्षेत्रमा स्थापित विद्यालयहरुमा बालबालिकाहरुको पहुँच सहजै छ भन्न पनि सकिने बलिया आधारहरु छैनन् यद्यपि प्रशस्त विद्यालयहरु सञ्चालित छन् ।

सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा रहेका पलैंटेमा ५२ विद्यापुरमा ४५ विजौरामा ३८ र हरीहरपुर स्रोतकेन्द्रमा २४ वटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०६९ मा पलैंटे स्रोतकेन्द्रको सिकाइ उपलब्धि ४७।९५ विद्यापुरको ४७।२९ र बिजौरा स्रोतकेन्द्रको ४८।२४ रहेको थियो भने शैक्षिक सत्र २०७० मा पलैंटे स्रोतकेन्द्रको ६६ र हरीहरपुरको सिकाइ उपलब्धि ५२ प्रतिशत रहेको छ ।

निरीक्षण तथा अनुगमनको उद्देश्य :

१. सम्पूर्ण विद्यालयमा विद्यार्थी भर्ना, नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, छात्रवृती वितरणमा पारदर्शिता, गुणस्तरीय पठनपाठन आदिको सुनिश्चितता गर्ने ।

२. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्न शिक्षकहरुलाई पेशागत विकासका लागि सहयोग, नमूना कक्षा प्रदर्शन, कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान गर्ने ।

३. एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन पढाइ हुने अवस्था सुनिश्चित गर्ने ।

४. विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउने ।

५. विद्यालयको समग्र वातावरणलाई शान्तिक्षेत्र र बालमैत्री उन्मुख बनाउने ।

६. विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमलाई समयमा नै गुणस्तरीय ढङ्गले सम्पन्न गर्न सहयोग पुर्याउने ।

७. विद्यालयमा आर्थिक पारदर्शितामा सुधार ल्याउने ।

८. शिक्षक नियुक्ति तथा वि.व्य.स. गठन गर्नमा सहयोग गर्ने आदि ।

निरीक्षण तथा अनुगमन भएका विद्यालयहरु तथा सञ्चालन गरेका कार्यहरु:

२०७० साउनदेखी २०७१ असार मसान्तसम्ममा जिल्ला शिक्षा कार्यालय सुर्खेतले तोकेको निरीक्षण कार्यक्षेत्र विजौरा, विद्यापुर र पलैंटे स्रोतकेन्द्र अन्तर्गतका जम्मा १३५ विद्यालयहरुका अतिरिक्त जिल्लाका अन्य स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरुमा स्थलगत निरीक्षण तथा अनुगमन गरिएका विद्यालयहरुको नामावली यसप्रकार रहेका छन् ।

१. श्री नेरामावि लगाम
२. श्री नेरामावि बेतान
३. श्री जगन्नाथ उमावि बिजौरा
४. प्रावि भूरेभावर
५. श्री विद्याज्योती उमावि बावियाचौर
६. समूह प्रावि बाबियाचौर
७. सूर्यप्रकाश उमावि पलैंटे
८. श्री नेराप्रावि तोक्मा, साल्कोट
९. श्री विद्याज्योती उमावि बड्डीचौर
१०. श्री गौरीशंकर निमावि चतुरे
११ श्री प्रावि मायाताल बिजौरा १२ सरस्वती उमावि घाटगाउँ
१३ निमावि बिरगौडा १४ मावि कुमाला
१५ प्रावि केवडी १६ ज्ञानोदय प्रावि घाटगाउँ
१७ प्रावि घाटगाउँ १८ उमावि तातापानी
१९ निमावि ताउले २० निमावि कुइने
२१ प्रावि नार्सी २२ निमावि जामु
२३ उमावि गुठु २४ निमावि मोतीसेरा
२५ निमावि भट्टेसेरा २६ निमावि सान्नेघारी
२७ निमावि जिउनेरीताल २८ प्रावि बच्छी
२९ प्रावि चाम्री ३० प्रावि विद्यापुर
३१ उमावि विद्यापुर ३२ प्रावि चुनेरिताल
३३ शान्ती प्रावि बाबियाचौर ३४ समूह प्रावि बाबियाचौर
३५ नेरामावि नयाँबन ३६ मावि लामाखाली
३७ प्रावि धमलाखाली ३८ बौद्धविहार प्रावि
३९ प्रावि रचा ४० सरस्वती मावि चेपाङ
४१ प्रावि रक्सेनी ४२ प्रावि लेकगाउँ
४३ बसन्त प्रावि ४४ निमावि कुम्भीकोट
४५ मावि दमार ४६ उमावि तरंगा
४७ मावि रानीघाट ४८ प्रावि सनीमोर
४९ प्रावि मसीना ५० शारदा उमावि छिन्चु
५१ मावि थानीचौर ५२ निमावि तल्लो थानीचौर
५३ निमावि तोलीखोला ५४ दिपेन्द्र प्रावि
५५ निमावि काठेघारी ५६ उमावि झिङ्नी
५७ शिखर उमावि रामघाट ५८ निमावि सहारे
५९ लालीगुरास निमावि घुम्ने ६० गणेश प्रावि रामघाट
६१ प्रावि शान्तिपुर ६२ निमावि काशीपुर
६३ मावि लोदे ६४ मावि सानोजात्री
६५ प्रावि मदानीचौर ६६ नेराप्रावि
६७ देउती प्रावि ६८ प्रभात प्रावि
६९ उमावि मेहेलकुना

सञ्चालन गरेका अन्य क्रियाकलापहरु

- १५ जना शिक्षकको कक्षा अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको ।
- ११ वटा नमूना कक्षा प्रदशन गरिएको ।
- २ वटा विद्यालयमा सहभागी भई विव्यस गठनमा सहयोग गरिएको ।
- करिब १ दर्जन भन्दा बढी विद्यालयमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सहयोग गरिएको ।

अनुगमन तथा कार्यक्रम सञ्चालन रणनीति:

१. निर्धारित समयमा विद्यालय खोली विद्यार्थी भर्ना गर्न, नि:शुल्क पाठ्यपुस्तक र छात्रवृति वितरण गर्न र नियमित पठनपाठन गर्न विभिन्न माध्मवाट सूचना प्रसारण ।

२. सबै स्थानिय राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षकका पेसागत संघसंगठन, महिला सञ्जाल, बालक्लबलाई शैक्षिक गुणस्तर उकास्ने अभियानमा सहयोग गर्न अनुरोध गरिएको ।

३. आम अभिभावकहरुलाई आफ्ना छोराछोरीलाई नियमित रुपमा विद्यालय पठाउन अनुरोध गरिएको ।

४. घोषित र अघोषित निरीक्षण तथा अनुगमन ।

५. कक्षा अवलोकन तथा पृष्ठपोषण प्रदान ।

६. नमूना कक्षा प्रदशन ।

७. समूह सुपरिवेक्षण ।

८. स्रोतकेन्द्र र विद्यालय तहमा सिकाइ उपलब्धि विश्लेषण र पृष्ठपोषण प्रदान ।

६ विद्यालयका प्रअ र विव्यस अध्यक्षहरुबीच सिकाइ आदान प्रदान तथा शैक्षिक गुणस्तर सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन

७ निरन्तर विद्यार्थी मूल्याकंनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन

८ निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चतता गर्नका लागि गाउ शिक्षा समितिहरुलाई उत्प्रेरित गरिएको ,

९ कार्यालयका विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुसंगको सहकार्यमा GIS मा आधारित विद्यालय नक्साङ्कन कार्य असार १५ सम्ममा सम्पन्न गर्ने ।

१० जिल्ला शिक्षा कार्यालयको वेभसाइट आवश्यक्तानुसार अद्यावधिक गर्ने ।

११ कार्यालयका अन्य आन्तरिक कार्यहरुमा निरन्तर सहयोग गर्ने ।

१२ विभिन्न तालिमहरुको प्रभावकारी सञ्चालन तथा प्रयोगमा ल्याउन उत्प्रेरित गर्ने ।

अनुगमनमा अपनाइएका क्रियाकलापहरु :

१. विद्यालयमा पुगी सरोकारवालाहरुसँग व्यापक छलफल तथा अन्तर्क्रिया गराइएको ।

२. विना जानकारी विद्यालयमा अनुपस्थित हुने शिक्षकको हाजिरी कापीमा गयल जनाई गयल भएको अवधिको तलब कट्टी गरी चौमासिक रकम माग गर्न निर्देशन दिइएको ।

३. नि:शुल्क पाठ्यपुस्तक सेटमा नै सबै बालबालिकाका लागि उपलब्ध भएनभएको निरीक्षण गरिएको ।

४. कक्षाकोठाको शिक्षणसिकाइ क्रियाकलापको अवलोकन र छलफल ।

५. विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, शौचालय आदिको अवलोकन र रचनात्मक सुझाव दिइएको ।

६. विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमको अनुगमन गरी मापदण्डविपरीत निर्माण कार्य भएकोमा त्यस्ता निर्माण कार्य भत्काउन लगाई मापदण्डबमोजिम बनाउन लगाइएको ।

७. विद्यालयको भौतिक, शैक्षिक र आर्थिक पक्षको सुदृढीकरणका लागि सरोकारवालाहरुको प्रतिबद्धता लिने कार्य भएको ।

८ स्रोतकेन्द्र र विद्यालय तहमा सिकाइ उपलब्धि विश्लेषण र पृष्ठपोषण प्रदान गरी शैक्षिक गुणस्तर सुधार्न आबश्यक रणनीति अबलम्बन गरिएको ।

९ विद्यालयका प्रअ र विव्यस अध्यक्षहरुबीच सिकाइ आदान प्रदान तथा शैक्षिक गुणस्तर सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

१० निरन्तर विद्यार्थी मूल्याकंनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।

२०७० साल साउन महिनादेखि २०७१ असार महिनासम्मको शैक्षिक अवस्था र हालसम्म गरिएका प्रयासहरु

वि. सं. २०७० साल बैशाख महिनादेखि बैशाखदेखि सुर्खेत जिल्लाको पश्चिम भेगमा पर्ने बिजौरा, विद्यापुर र पलैंटे स्रोतकेन्द्र अन्तर्गत पर्ने १३५ विद्यालयहरुमध्ये विभिन्न विद्यालयहरुमा गरिएको पटक पटकको अनुगमनका क्रममा तीनि विद्यालयहरुको शैक्षिक अवस्था उकास्न निम्नानुसारका प्रयासहरु गरियो :

- योजनाबद्ध ढंगले चरणबद्ध रुपमा नियमित विद्यालय अनुगमन तथा निरीक्षण कार्य भएको ।

- विभिन्न चरणमा विद्यार्थी भर्ना, पाठ्यपुस्तक वितरण, नियमित पठनपाठन, आर्थिक पारदर्शिता, भौतिक सुविधा विस्तार कार्यक्रमको अनुगमनलाई तिव्र बनाइएको ।
- अनुगमनका क्रममा सरोकारवालाहरुसँग व्यापक अन्तर्क्रिया र छलफल गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्नुका साथै विद्यालय सुधारका लागि प्रतिवद्धता लिने गरिएको ।
- घोषित तथा अघोषित रुपमा Team Supervision/Monitoring कार्य भएको र हुने ।
- अनुगमनमा कार्यालयवाट जिल्ला शिक्षा अधिकारी, शा.अ र प्रा. स. वाट समेत भरमग्दुर सहयोग प्राप्त भएको ।
- सुर्खेत जिल्लामा आन्तरिक विवाद, खिचातानी तथा स्वार्थका कारण रिक्त शिक्षक दरबन्दी तथा राहत अनुदान कोटामा विगतका वर्षसम्म शिक्षक नियुक्ति नगरी दरबन्दी तथा कोटा Hold गरी राख्ने करिब १ दर्जन विद्यालयमा शिक्षक नियुक्ति गर्ने कार्य सम्पन्न भएको ।
- शिक्षकको पेसागत विकासका लागि TPD तालिम, सरोकारवालहरुको क्षमता अभिबृद्धि तालिम र प्र.अ. नेतृत्व विकास तालिमलाई सशक्त प्रभावकारी बनाउन कार्ययोजनाका साथ कार्य गरिएको ।
- २०७० मा निरीक्षण क्षेत्रअन्तर्गतका तालिम हबमा सञ्चालित टिपिडी तालिममा प्राविधिक अडिटरको भूमिका निर्वाह गरेको ।
- शैक्षिक सुधारको खाका तयार पार्ने कार्य भएको ।
- एसएलसी परीक्षा २०७० लाई व्यवस्थित र मर्यादित बनाउन पश्चिम क्षेत्रका ६ वटा परीक्षा केन्द्रमा अनुगमन गर्ने कार्य भएको ।
- विद्यालयमा आर्थिक पारदर्शिताको सुरुआत भएको । आर्थिक पारदर्शिता सुनिश्चित गर्न हरेक विद्यालयमा कार्यक्रम शीर्षक, रकम र स्रोतसमेत खुल्ने गरी सबैले देख्ने ठाउँमा टाँस्ने व्यवस्थाको सुरुवात गरिएको ।
- विव्यसको निर्णय गरेर मात्र खर्च गर्नुपर्ने अनिवार्यता गरिएको तथा प्रत्येक बर्ष सामाजिक परीक्षण अनिवार्य गर्नुपर्ने कुराको कडाइका साथ नियमन गरिएको ।
- आवश्यकताका आधारमा विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रम वितरण र सोको प्रभावकारी अनुगमन कार्य भएको
- करिब आधा दर्जन भन्दा बढी विद्यालयहरुमा विव्यस गठनमा उत्पन्न विवाद तथा खिचातानीको समाधान ।
- पटकपटक स्रोतकेन्द्रस्तरीय तथा गाउ शिक्षास्तरीय प्रधानाध्यापक तथा विव्यस अध्यक्षबीचको बैठक सञ्चालन गरी शैक्षिक सुधारका लागि प्रतिवद्धता लिइएको । बेलाबेलामा समीक्षा हुने गरेको ।
- वार्षिक कार्यक्रम तथा बजेट सरोकारवालाहरुसमक्ष सार्वजनीकीकरण गरिएको ।
- कक्षाकोठाको शिक्षणसिकाइलाई बालमैत्री, गुणस्तरीय र प्रभावकारी बनाउने प्रयास भएको ।
- प्रावि बच्छी र प्रावि चाम्री तातापानी बाहेक सबै विद्यालयहरुमा बालबालिकाको पहुँचमा विद्यालय रहेको ।
- समुदाय र विद्यालयमा समावेशी स्थिति (छुवाछुत तथा जातीय भेदभाव नरहेको) ।
- शैक्षिक स्तर सुधारका लागि आम सरोकारवालाहरुको चिन्तन र सहयोग रहेको ।
- केही एकाध विद्यालय बाहेक सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भएको ।
- जिल्ला शिक्षा कार्यालयले तोकेको निरीक्षण क्षेत्रमा काम गर्नुका अलाबा निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा, GIS मा आधारित विद्यालय नक्साङ्कन जिल्ला शिक्षा कार्यालयको वेभसाइट अद्यावधिक तथा कार्यालयका अन्य आन्तरिक कार्यहरुमा निरन्तर सहयोग गरिएको ।

निरीक्षण क्षेत्रमा देखिएका शिक्षासंग सम्बन्धित समस्याहरु :

- सुर्खेत जिल्लाका सम्पूर्ण गाविसहरुमा गाउ शिक्षा समिति गठन भई आवश्यकीय कार्य भइरहेको पाइएता पनि सरकारले प्रदान गर्नुपर्ने न्यूनतम सेवा सुविधाहरु प्राप्त नहुँदा समिति क्रियाशिल हुन गार्हो भइरहेको ।
- केहि विद्यालयहरुमा वि. व्य. स. को गठन गर्ने कार्य असहज बनेको र जिल्लास्तरीय विव्यस गठनसम्बन्धी कार्यबिधि निर्माण हुन नसकेको ।
- नियमानुसार विद्यालयमा विद्यार्थीको उपस्थिति कमजोर हुनु ।
- उदार कक्षान्नोती प्रणाली र लचिलो परीक्षा प्रणालीका कारण विद्यार्थीको अनुपस्थिति भएको ।

- यस अघि विद्यालयको फर्निचर निर्माणमा जि. शि. का. वाट कुनैपनि शिर्षकमा रकम विद्यालयमा पठाउन नसकेकाले केही विद्यालयमा विशेषत प्रावि तहमा वालवालिकाहरु बस्ने उचित फर्निचर नभएको ।
- अधिकांश मावि र निमाविमा छात्रा शौचालय निर्माण कार्य सम्पन्न भईसकेको अवस्था छ । त्यसैगरी प्रावि तहमा ५० प्रतिशत भन्दा बढी विद्यालयहरुमा शौचालय निर्माण भएको तर छात्रा शौचालय र शौचालयको प्रयोग विशेषत पानीको अभावका कारण धेरै विद्यालयमा प्रयोगमा आउन नसकेको ।
- विद्यालय नक्साङ्कन र आवश्यक पूर्वाधारको निर्माण नभई यस अघि जि. शि. का. ले विद्यालय संचालनकालागि अनुमती दिएकाले विद्यालय भवन, कक्षाकोठा र शिक्षक दरबन्दी विद्यालयको आवश्यक्ता भन्दा न्यून देखियो जसका कारण विषेत विषयगत शिक्षकको अभाव भई निमावि र मावि तहको पठनपाठन प्रत्यक्ष रुपमा प्रभावित भएको छ भने अर्कोतिर विद्यालयहरुले भवन तथा कक्षाकोठाकालागि जि. शि. का. को श्रोतमात्र तागेर बस्नुपर्ने अवस्था विद्यमान रहेकोले यसको भार कार्यालयले थेग्न नसकिरहेको ।
- जिल्ला शिक्षा कार्यालयवाट यस अघिको बर्षमा गएिको वालविकास केन्द्रको वितरण उपयुक्ततता र आवश्यक्ताअनुसार नहुदा कुनै विद्यालयमा दुई वटा र आवश्यक्ता भएका कुनै विद्यालयमा वालविकास केन्द्रनै संचालनमा नआएको ।
- अधिकांश माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुमा प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या अत्यन्तै न्यून रहेको देखिन्छ ।
- धेरै जसो विद्यालयहरुमा खानेपानी र खेलमैदानको अप्रयाप्तता देखिएको छ ।
- केहि विद्यालयहरुमा जि. शि. का.वाट प्राप्त पाठयपुस्तक, छात्रवृति र Non salary PCF वापतको रकम निर्धारित नर्म्स र नियमानुसार खर्च नभएको देखिएको छ ।
- केही बालबिकास केन्द्रका स. का. हरुले वालविकासको कक्षा अलग र नियमितरुपमा संचालन गरेको नपाईएको ।
- अधिकांश निमावि र माविमा विषयगत शिक्षकको कमी ।
- जटिल भौगोलिक अवस्थिति र विद्यालय संख्या धेरै हुँदा सबै विद्यालयहरुलाई समान र नियमित रुपमा निरीक्षण र अनुगमन गर्न कठिन भएको ।
- कतिपय विद्यालयहरुको भौतिक पूर्वाधार (भवन, कक्षाकोठा, खेलमैदान, फर्निचर , शौचालय, खानेपानी, पुस्तकालय आदि) को अवस्था नाजुक भएको ।
- विद्यालयहरुमा शैक्षिक सामग्रीको कमी र प्रयोगको अवस्था नाजुक रहेको ।
- विद्यालयको वातावरण अपेक्षित रुपमा बालमैत्री हुन नसकेको ।
- विद्यालयमा शिक्षक दरबन्दी अपुग भएका कारण कतिपय विद्यालयले विभिन्न अनुदानका रकमहरु तोकिएको शीर्षकमा मात्र खर्च नगरी शिक्षकको तलवभत्तामा समेत खर्च गर्ने गरेको अवस्था ।
- विद्यालय व्यवस्थापन समितिले शैक्षिक क्रियाकलापमा भन्दा अन्य कुरामा बढी चासो दिने प्रवृत्ति देखिएको ।
- सामुदायिक अध्ययन केन्द्रहरुलाई नियमन गर्न कठिन भएको ।
- तोकिएको समयावधि अर्थात कम्तिमा २२० दिनसम्म नै विद्यालय सञ्चालन नहुने ।
- शिक्षकहरुको पेसागत र वृत्तिविकासको अवसरमा कमी (टिपिडि तालिमबाहेक) ।
- अभिभावकको ध्यान विद्यालयमा नियमित पठनपाठन भएनभएको अनुगमनभन्दा पनि विद्यार्थी पास/फेलमा मात्र केन्द्रित हुने गरेको ।
- कतिपय विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुबीच समन्वयको कमी ।
- विद्यार्थीको सिकाइउपलब्धिमा सुधार ल्याउन निरन्तर विद्यार्थी मूल्याकंन वा निर्माणात्मक मूल्यांकनमा कम जोड ।

समस्या समाधानका उपायहरु (Problem Solving Approaches)

सुर्खेत १२ वटा स्रोतकेन्द्रहरुमध्ये जिल्लाको पश्चिमी भेगमा पर्ने बिजौरा, विद्यापुर र पलैंटे स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरुको वर्तमान शैक्षिक अवस्था र उत्पन्न भएका समस्याहरुका सन्दर्भमा स्थलगत निरीक्षण तथा अनुगमनवाट प्राप्त सूचना र जानकारीको यथार्थ विश्लेषण गर्दा तीनि स्रोतकेन्द्र अर्न्तगतका विद्यालयहरुको वर्तमान शैक्षिक अवस्था पत्ता लगाई विद्यमान अवस्थामा कायम रहेका समस्याहरुको निराकरण गरी विद्यालयको शैक्षिक अवस्था सुधार गरी विद्यार्थीहरुलाई नियमित तथा गुणस्तरीय पठनपाठनको सुनिश्चितता प्रदान गर्न निम्नानुसारका सुझाव तथा सिफारिशहरु पेश गर्दछु ।

१. शिक्षक र विद्यार्थीको उपस्थिति सम्बन्धमा (Related to Teacher's and Students' Attendence)

सम्पूर्ण विद्यालयका शिक्षकहरुलाई नियमानुसार विद्यालयमा उपस्थिति भई पठनपाठनमा संलग्न गराउन अभिप्रेरित गर्न सम्बन्धित क्षेत्रका स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुलाइ **Field Oriented** क्रियाकलापतर्फ उन्मुख हुने थप उपयुक्त वातावरण निर्माण गराउनुपर्ने देखिन्छ ।

अटेर गरेर वा कोही कसैको शक्ति संरक्षणमा रही विद्यालयमा अनुपस्थिति हुने वा लापरवाही गर्ने शिक्षकलाई नियमानुसार कारवाही गरीनुपर्ने देखिन्छ । विद्यार्थीहरुलाई नियमित कक्षाकोठामा उपस्थिति गराउन फजुल विद्यार्थी भर्ना र कम्तीमा ७० प्रतिशत हाजिरी पूरा नभएका विद्यार्थीहरुलाई परीक्षामा सहभागी हुन नदिने अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ । कक्षा ८, ९ र १० को रजिष्टेशन तथा परीक्षा आवेदन फारम सम्बन्धित क्षेत्रको स्रोतव्यक्तिको सिफारिश र विद्यालय निरीक्षकको प्रमाणितका आधारमा मात्र स्वीकृत गरीनुपर्ने देखिन्छ ।

२. योजना निर्माण र कार्यान्वयन सम्बन्धमा (Related to Planning making and its Implementation)

प्रत्येक विद्यालयले एक शै. स. मा न्यूनतम रुपमा निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने विद्यालय सुधार योजना र बार्षिक कार्यपात्रो तथा अर्धबार्षिक शिक्षण सुधार योजना, एकाई योजना, दैनिक समय तालिका, दैनिक पाठयोजना आदिको निर्माण र कार्यान्वयन गराउनकालागि १/२ दिने स्रोतकेन्द्रमा योजना निर्माण र प्रयोग सम्बन्धमा अभिमुखीकरण कार्यक्रमको व्यवस्था गरी कार्यान्वयनमा लैजाने र कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गरिनुपर्ने देखिन्छ । जिल्ला शिक्षा कार्र्यालयवाट विद्यालयहरुलाई प्रदान गरिने अनुदान विद्यालय सुधार योजनामा आधारित हुनुपर्दछ ।

३. आर्थिक पारदर्शिता सम्बन्धमा (Related to Economic Governance)

शिक्षा नियमावली २०५९ संशोधन सहित अनुसार प्रत्येक विद्यालयले निर्धारित समयमा सम्पन्न गर्नुपर्ने लेखा परीक्षण र सामाजिक परीक्षण कार्य पूरा गराउन लगाई सो को कडाईका साथ अनुगमन गर्नुपर्ने देखिन्छ । सो कार्य नगर्ने विद्यालयलाई अनुदान वा खाता वा चौमासीक रकम रोक्का गर्ने उपयुक्त तरीका अपनाउनुपर्ने देखिन्छ । जिल्ला शिक्षा कार्यालयवाट विभिन्न शिर्षकमा निकासा हुने रकमलाई कार्यालयको वेभसाइट र लेखा शाखावाटसमेत सार्वजनिक गरिने प्रयासको थालनी भएतापनी यस्तो कार्यलाई थप योजनाबद्ध ढंगले अगाडि बढाउनुपर्ने देखिन्छ । अधिकांश विद्यालयका प्र. अ. लाई समेत बार्षिक आय व्ययको श्रेस्ता खडा गर्ने समस्या विद्यमान रहेकाले तीनि प्र. अ. वा लेखापाललाई नियमानुसार श्रेस्ता प्रणाली खडा गरी आर्थिक कारोवार सञ्चालन गर्न आत्मनिर्भर गराउनेतर्फ कार्यालयले जोड दिन आवश्यक देखिन्छ ।

४. भौतिक सुविधा विस्तार सम्बन्धमा (Related to Physical Facilities)

जिल्ला शिक्षा कार्यालयवाट छनौट गरी वितरण गरिने भौतिक सुविधा विस्तार अर्न्तगतका कार्यक्रमहरुको कार्यसम्पादन तोकिएको मापदण्ड अनुसार गुणस्तरीय नदेखिएको, तीनि कार्यक्रमहरु निर्धारित समयसिमामा सम्पन्न नहुने तर जि. शि. का. ले पूरा निकासा छोडिदिनु, कार्यालयका स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुलाई निरन्तर निरीक्षण तथा अनुगमन गर्न जिम्मेवार नबनाइनुले र न्यूनतम भौतिक पूर्वाधार नभई कक्षा सञ्चालन गर्न कार्यालयले अनुमती प्रदान गरेको देखिनुले अधिकांश विद्यालयको भौतिक पूर्वाधार मजवुत र प्रयाप्त हुन नसकेकाले तीनै यर्थाथतालाई समाधान गर्न भौतिक सुविधा विस्तार अर्न्तगतका कार्यक्रम वितरण भएका विद्यालयहरुको निरीक्षण तथा अनुगमन कार्यलाई तिब्रता दिनुपर्ने, निर्धारित समयमा तोकिएको नर्म्स र मापदण्ड अनुसार कार्य सम्पन्न नगर्ने विद्यालयवाट रकम समेत असुल गर्ने भरपर्दो योजना वनाउनुपर्ने तथा सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति र विद्यालय निरीक्षकले प्रमाणसहितको कार्य सम्पन्न प्रतिवेदन पेश नगरेसम्म रकम निकासा तथा फरफारा नगर्नुपर्ने रणनीति कार्यालयले निर्माण कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

५. शिक्षक तालिम सम्बन्धमा (Related to Teachers' Training)

विद्यालय क्षेत्र सुधार कार्यक्रमले अबलम्बन गरेको तालिमसम्बन्धी नीति अनुसार शिक्षकको पेशागत विकास तालिमलाई सञ्चालन र कक्षाकोठामा प्रयोग गर्नका लागि सम्बन्धित क्षेत्रको स्रोतव्यक्तिहरुलाई तालिम सञ्चालन गर्नकालागि अनिवार्य गर्नुपर्ने र सो को अनुगमन वि. नि. र शैक्षिक तालिम केन्द्रका कर्मचारीहरुवाट कडाईका साथ सक्रिय गराउनुपर्ने तथा तालिमको कक्षाकोठामा प्रयोग र शिक्षण सुधार योजनाको निर्माण र प्रयोगलाई शिक्षकहरुवाट कडाईकासाथ लागू गर्नुपर्ने संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ ।

६. निरीक्षण तथा अनुगमन सम्बन्धमा (Related to School Supervision)

विद्यालयहरुको निरीक्षण तथ अनुगमनलाई थप प्रभावकारी र उद्देश्योन्मुख बनाउन सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकको संयोजकत्वमा स्रोतव्यक्ति, रोष्टर प्रशिक्षक, स्रोतकेन्द्र प्र. अ., वि. व्य. स. प्रतिनिधि, शिक्षक अभिभावक संघको प्रतिनिधि आदि

रहेको स्रोतकेन्द्रस्तरीय अनुगमन संयन्त्र निर्माण गरी प्रत्येक महिनामा प्रत्येक विद्यालयमा कम्तीमा एक पटक अनुगमन गर्नसकिने योजनाको तय गरिनुपर्छ । विद्यालयस्तरीय छलफल र अर्न्तक्रियालाई जोड दिनुपर्ने, समय समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन, नमूना कक्षा प्रदर्शन आदिजस्ता क्रियाकलापलाई तिब्रताका साथ लैजानुपर्ने देखिन्छ ।

विद्यालय निरीक्षकहरुलाई विद्यालय निरीक्षण तथा अनुगमन गर्नका लागि नियमानुसार प्रदान गरिने फिल्ड भत्ता अप्रयाप्त भएकाले सो सम्बन्धमा निरीक्षकहरुलाई नतिजामा आधारित अनुगमनका लागि अभिप्रेरित गराउन उपयुक्त भत्ता र राम्रो काम गर्ने निरीक्षकलाई पुरष्कृत र काम नगर्ने निरीक्षकलाई दण्डको व्यवस्था गरिनपर्दछ ।

७. परीक्षा सञ्चालन सम्बन्धमा (Related to Examination)

विद्यालयको पठनपाठनको गुणस्तरीयतालाई बृद्धि गर्न र विद्यार्थीले प्राप्त गरेको उपलब्धिको यर्थाथ लेखाजोखा गर्नका लागि निरन्तर मूल्याङ्कन र प्रभावकारी परीक्षा प्रणालीको प्रयोग गर्नका लागि सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान जान जरुरी छ । सुर्खेत जिल्लामा कक्षा १ देखि ९ सम्मको बार्षिक परीक्षा शै. स. को चैत्र १० गत्तेवाट सञ्चालन गर्ने योजनाको निर्माण र कार्यान्वयनमा कार्यालय लाग्नुपर्ने देखिन्छ । एस एल सी परीक्षा २०७० को सञ्चालनलाई विश्लेषण गरी आगामी बर्षमा थप व्यवस्थित गराउन जिल्लाभर एउटै खालको सञ्चालन तथा अनुगमन संयन्त्रको विकास गरिनुपर्दछ ।

८. अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धमा (Related to Extra Curricular Activities)

शिक्षा नियमावलीले निर्देशित गरे अनुसारका अतिरिक्त क्रियाकलापहरु विद्यालयमा नियमित रुपमा सञ्चालन गर्नका लागि प्रत्येक विद्यालयमा एक अतिरिक्त क्रियाकलाप सञ्चालन समिति निर्माण गरी प्रत्येक विद्यालयमा प्रत्येक हप्ताको शुक्रवारमा नियमित कुनै न कुनै विद्यार्थीको चौतर्फी विकास गर्नमा सहयोग पुरयाउने क्रियाकलाप सञ्चालन गर्ने योजनाको निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने र कार्यक्रम सञ्चालन भए नभएको निरीक्षण गर्नुपर्ने देखिन्छ । जिल्ला शिक्षा कार्यालयवाट पनि पटक पटक जिल्लाभरीको विद्यालयका वालवालिकाको अन्तरनिहित प्रतिभाको खोजी गर्न जिल्लास्तरीय अतिरिक्त क्रियाकलाप सम्बन्धी प्रतियोगीताको आयोजना गर्नुपर्ने देखिन्छ ।

९. स्रोतकेन्द्रको प्रभावकारीताको सम्बन्धमा (Related to RC's Effctiveness)

बिजौरा विद्यापुर र पलैंटे तथा हरीहरपुर स्रोतकेन्द्रवाट प्रवाह हुने विभिन्न सेवालाई थप प्रभावकारी वनाउन प्रत्येक स्रोतकेन्द्र भवनको स्तरोन्नति, शैक्षिक सामाग्रीको संकलन, विभिन्न विद्यालयस्तरीय योजनाको निर्माण, प्र. अ. बैठकको नियमितता, बिषयगत शिक्षकको बैठक तथा अर्न्तक्रिया आदि जस्ता पक्षमा सुधार गर्न नितान्त आवश्यक छ । सम्भव भएसम्म जि. शि. का वाट थप आर्थिकको पहिचान गरी स्रोतकेन्द्रको भौतिक पूर्वाधारलाई मजवुत बनाई स्रोतव्यक्तिहरुलाई सम्बन्धित क्षेत्रमा बस्न लगाई कार्यालयवाट निर्धारण भएका कार्यक्रमहरुलाई स्रोतकेन्द्रमुखी बनाउनुपर्ने देखिन्छ ।

१०. पठनपाठनको गुणस्तरीयता, समावेशीकरण र वालमैत्री कक्षा सञ्चालन सम्बन्धमा (Related to Quality Education, Inclusiveness and Child Friendly Class)

विद्यालयको पठन पाठनलाई व्यवहारिक र गुणस्तरीय वनाउन नियमित पठनपाठन, शैक्षिक सामाग्रीको निर्माण र प्रयोग, शिक्षण सुधार योजनाको निर्माण र प्रयोग, पाठयक्रमको उचित प्रयोग आदिलाई कार्यान्वयन गर्ने गराउने कार्यमा सम्बन्धित सरोकारवाला पक्षहरु लाग्नुपर्ने देखिन्छ । विद्यालयका समग्र गतिविधिहरुलाई समावेशी वनाउनेतर्फ विद्यालयका प्र. अ., शिक्षक र अभिभावकहरुलाई सुसुचित गराई विशेषत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापलाई समावेशी वनाउनमा जोड दिनुपर्दछ । दण्डरहित शिक्षणको प्रचलित अवधारणा अनुसार वालमैत्री कक्षा सञ्चालन गर्नका लागि कार्यालयवाट प्रत्येक स्रोतकेन्द्रमा १/२ दिने अभिमुखीकरण गाष्ठी सञ्चालन गरी कक्षाकोठालाई वालमैत्री वनाउन सकी विद्यार्थीहरुले स्वतन्त्रतापूर्वक उमेर, रुची र आवश्यक्ता अनुसार पठनपाठन क्रियाकलापमा सहभागी हुन अवसर प्राप्त गर्न सक्छन् । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालयको निर्माणका गर्न न्यूनतम् सक्षमता अवस्था पूरा हुन नसकेका विद्यालयहरुलाई प्राथमिकीकरणमा राखी विशेष सहयोग प्रदान गरिनुपर्दछ ।

११. शिक्षा नीति सम्बन्धमा (Related to Educational Policy Making)

शिक्षा ऐन तथा नियमावलीले व्यवस्था गरेका निम्नानुसारका विवादास्पद बुंदाहरुलाई सरकार, मन्त्रालय र विभागवाट संशोधन वा थप गर्ने प्रयास गरेको खण्डमा कार्यान्वयन गर्ने तल्लो निकायलाई सजिलो बनाउन सकिने देखिन्छ :

- अस्थायी शिक्षक छनौट सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी सिफारिश गर्न शिक्षक सेवा आयोगले बनाएको अस्थायी सूचिलाई पूर्ण कार्यान्वयनमा ल्याइनुपर्दछ ।

- विद्यालयमा प्र. अ. नियुक्तिको प्रक्रिया सम्बन्धमा विद्यालय क्षेत्र सुधार योजनाले ल्याएको अवधारणापत्र अबिलम्ब कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- विद्यालय व्यवस्थापन समितिको पुनर्गठनलाई थप व्यवस्थित गर्नका लागि जिल्ला शिक्षा कार्यालयले विद्यालय व्यवस्थापनसम्बन्धी कार्यबिधि निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ ।

निष्कर्ष

निष्कर्षमा नेपाल अधिराज्यको ७५ जिल्लाहरुमध्ये उपत्यका पहाडी र भित्री मधेशका रुपमा चिनिने सुर्खेतको शैक्षिक अवस्था सुधारोन्मुख अबस्थामा छ । विविध समस्या र मुद्दाहरुबाट ग्रसित यस जिल्लाको शैक्षिक अवस्थालाई सुधार्न सम्वन्धित सरोकारवाला पक्षहरुवाट विभिन्न प्रयास र प्रतिवद्धताहरु जाहेर भएपनि कार्यान्वयन प्रक्रिया अझै अपेक्षा गरे अनुसार प्रभावकारी र व्यवस्थित हुन सकेको छैन । जिल्ला शिक्षा कार्यालयको सक्रियता, अभिभावक, विद्यार्थी र शिक्षकहरु, राजनैतिककर्मी, शिक्षकको पेशागत संघ संगठन, नागरिक समाज, पत्रकार तथा आम सरोकारवाला निकायहरुको सहयोगमा जिल्लामा बर्षेनी खस्कदै गइरहेको शिक्षाको गुणस्तर उकास्न तथा विद्यालय शिक्षावाट बञ्चित वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन भरमग्दुर प्रयासको थालनी भइरहेको छ ।

नेपाल सरकारबाट निर्देशित नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगले विद्यालयस्तरमा पुर्याउने सम्पूर्ण वालवालिकाहरुले गुणस्तरिय शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न संचालनमा आएका नविनतम क्रियाकलापलाई थप प्रभावकारी वनाउदै लैजान र बांकी कार्यान्वयनमा आउन नसकेका र प्रत्यक्ष वा अप्रत्यक्ष ढंगवाट प्रभावित भएका कार्यक्रमलाई पूरा गर्न सम्बन्धित सरोकारवाला पक्षहरुबीचको आपसी छलफल र अन्तरक्रियाका माध्यमवाट हालसम्म सिर्जित समस्या र मुद्दाहरुलाई पन्छाउदै अगाडि बढ्नुपर्ने नितान्त आवश्यक छ ।

जिल्ला शिक्षा कार्यालयवाट थालनी भएका तथा कार्यान्वयनमा ल्याइएका विभिन्न प्रयासहरुका बाबजुदपनि यस जिल्लाको शैक्षिक स्तरोन्नतिमा विभिन्न समस्या र मुद्दाहरु व्याप्त छन् । अभिभावकहरुको शिक्षाप्रतिको चेतनास्तरमा कमी, शिक्षकहरुको शिक्षणप्रतिको बेवास्ता, विद्यार्थीहरुको पठनपाठनप्रतिको लापरवाही, खुकुलो परीक्षा प्रणाली, निरीक्षण र अनुगमनमा अपेक्षा गरेअनुसारको पहुँच पुग्न नसक्नु, शिक्षा र शैक्षिक संस्थामा राजनैतिक हस्तक्षेप आदि जस्ता तत्वहरुले अझैपनी यस जिल्लाको शैक्षिक अवस्था सोचे अनुरुप उकालो लाग्न नसकेको तितो यथार्तता विद्यमान रहेतापनि विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुवाट थालनी गरिएको प्रभावकारी निरीक्षण तथा अनुगमनले उपरोक्त स्रोतकेन्द्रहरुको शैक्षिक स्तर उकास्न थप मद्दत पुग्ने कुरामा विश्वास लिन सकिन्छ । विद्यालयको पठनपाठनलाई अझ व्यवस्थित र प्रभावकारी बनाई सम्पूर्ण वालवालिकाहरुलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सम्पूर्णको सरोकारवालाहरुको सहयोगको अपरिहार्यता रहेको छ ।

धिरेन्द्रप्रसाद शर्मा
विद्यालय निरीक्षक
जिल्ला शिक्षा कार्यालय, सुर्खेत

बोधार्थ:
श्री शिक्षा विभाग
निरीक्षण तथा अनुगमन महाशाखा
सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय
मध्यपश्चिमाञ्चल, सुर्खेत ।